# माछापुच्छ्रे बैंक लिमिटेडको
# पच्चीसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०८०/०५/२६ गते बसेको सञ्चालक समितिको ४८७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको पच्चीसौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष डा. उपेन्द्र महतोज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, समय र स्थान :

**मिति** : २०८०/०६/१८ गते विहीबार, (तदनुसार ई.सं. ५ अक्टोबर, २०२३)
**समय** : विहान ११:०० बजे ।
**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दी, पोखरा, कास्की ।

## ३. उपस्थिति :

### सञ्चालकहरुको उपस्थिति :

(क) डा. उपेन्द्र महतो - अध्यक्ष
(ख) श्री रोशन के.सी. - सञ्चालक
(ग) श्री मुकुन्द महत - सञ्चालक/लेखापरीक्षण समितिका संयोजक
(घ) श्री जय मुकुन्द खनाल - सञ्चालक
(ङ) श्री विश्व प्रकाश गौतम - सञ्चालक
(च) श्री हरिभक्त सिग्देल - सञ्चालक
(छ) श्री बन्दना कार्की - सञ्चालक

### व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :

(क) श्री सन्तोष कोईराला - प्रमुख कार्यकारी अधिकृत
(ख) श्री सर्जु कुमार थापा - नायव प्रमुख कार्यकारी अधिकृत (संचालन)
(ग) श्री विश्वम्भर न्यौपाने - नायव प्रमुख कार्यकारी अधिकृत (व्यवसाय)
(घ) श्री प्रसिद्ध राज अर्याल - नायव महाप्रबन्धक (व्यवसाय)
(ङ) श्री सुभाष जमरकटेल - सहायक महाप्रबन्धक (संचालन)/कम्पनी सचिव
(च) श्री खगेन्द्र पौडेल - नायव प्रमुख, वित्त तथा योजना विभाग
(छ) श्री सुरेन्द्र पाठक - प्रमुख आन्तरिक लेखापरीक्षण विभाग

### आमन्त्रितहरूको उपस्थिति :

(क) अमन उप्रेती - एस.ए.आर. एशोसिएट्स्, लेखापरीक्षक
(ख) श्री बालकृष्ण ढकाल - कानूनी सल्लाहकार

### शेयरधनीहरुको उपस्थिति :

| | | | |
|---|---|---|---|
| (क) | स्वयं उपस्थित | - | ३५८ जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - | ४३ जना |
| | जम्मा उपस्थिती | - | ४०१ जना |

Machhapuchchhre Bank Ltd. Head Office

४. **सभाको सुचना :**

पच्चीसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन, आ.ब. २०७९/८० को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै संक्षिप्त आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना मिति २०८० भाद्र २७ गतेको कारोबार राष्ट्रिय दैनिकमा र असोज ८ गतेको नागरिक दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो भने पोखराबाट प्रकाशित हुने आदर्श समाज र समाधान राष्ट्रिय दैनिकमा असोज १० गते प्रकाशित गर्नुका साथै बैंकको वेबसाईट www.machbank.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो । साथै, साधारण सभाको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन सहितको विस्तृत वार्षिक प्रतिवेदन उपलब्ध भएसम्म शेयरधनीहरुको ईमेल ठेगानामा समेत पठाईएको थियो ।

५. **सभामा पेश भएका छलफलका विषयहरु :**

क. सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०७९/८० को संचालक समितिको २५ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनीहरु "माछापुच्छ्रे क्यापिटल लिमिटेड" र "माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड" को आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन २०६३ को दफा १११(१) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) र ६३(३) बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. ७,१८,००,०८९ (चुक्ता पूँजीको ०.७० प्रतिशत) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्न स्वीकृत गर्ने ।

ख. विशेष प्रस्ताव :

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. १,३६,४२,०१,६९२ (चुक्ता पूँजीको १३.३० प्रतिशत) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हदसम्म बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) संशोधन गर्ने ।

२. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजिशन) गर्न) तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कनको लागि मूल्याङ्कनकर्ता नियुक्ती गर्न,



Machhapuchchhre Bank Ltd. Head Office

गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक रणनीतिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. विशेष प्रस्तावका संशोधनहरुबाट प्रबन्धपत्रमा भएका संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सोही बमोजिम संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. **बिविध ।** (विविध अन्तर्गत केही विषय नभएको)

## ६. गणपुरक संख्या, सभाको बैधानिकता :

| कुल शेयरधनीको संख्या | जम्मा उपस्थित शेयरधनी संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा सेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको सेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ५५,०१४ (क र ख समुह) | ४०१ (स्वयं ३५८ जना र प्रतिनिधिपत्रद्वारा ४३ जना) | ५,८५,७८,६१५ | ५७.११% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा पचास प्रतिशतभन्दा बढी अर्थात ५७.११% प्रतिशत सेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

साधारण सभाको अध्यक्षता/सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम १ अनुरुप सञ्चालक समितिका अध्यक्ष डा. उपेन्द्र महतोज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापतिज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कारवाही अगाडि बढ्यो ।

## ८. सञ्चालक श्री जय मुकुन्द खनालज्यूबाट स्वागत मन्तव्य :

बैंकका सञ्चालक श्री जय मुकुन्द खनालज्यूले बैंकको यस पच्चीसौं वार्षिक साधारण सभामा सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, आमन्त्रित अथिति महानुभावहरुलाई बैंक तथा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नु भयो ।

कोभिड १९ को माहामारी पश्चात् देशको समग्र अर्थतन्त्र खलबलिएको व्यहोरा यहाँहरुका लागि नौलो विषय होइन । यस माहामारीको प्रभावबाट बैकिङ्ग क्षेत्र पनि अछुतो रहन सकेको छैन । तर पनि, गत आर्थिक वर्षमा हाम्रो बैंकले सन्तोषजनक वित्तीय परिणाम हासिल गर्न सकेको जानकारी यस सभामा सुनाउन पाउंदा खुसी लागेको बिचार व्यक्त गर्नु भयो । समीक्षा वर्षमा बैंकको निपेक्ष रु १५८ अर्व २८ करोड पुग्न गएको छ, ~~भने~~ कर्जा लगानी रु १३० अर्व ६० करोड पुगेको छ । बैंकको वासलातको आकार समीक्षा वर्षमा चार प्रतिशत बढोत्तरी भएको छ । देशले कोभिड १९ को माहामारीबाट त्राण पाइसकेको



Machhapuchchhre Bank Ltd. Head Office

भएता पनि सो माहामारीबाट खलबलिएको अर्थतन्त्रले आफ्नो साविकको लय प्राप्त गर्न केही समय लाग्छ नै; यति हुँदा हुँदै पनि हाम्रो बैंकको कार्य सम्पादन क्रमश : सकारात्मक दिशा तर्फ उन्मुख हुँदै गइरहेको बताउनु भयो । यस बीचमा, बैंकले डिजिटल प्रविधिको माध्यमबाट बैकिङ्ग सेवा स्मार्ट बनाउने लक्ष्य लिएर ग्राहकको चाहाना र आवश्यकतालाई दृष्टिगत गरी अत्याधुनिक एवं नविनतम प्रविधिको मद्दतबाट बैकिङ्ग सेवाहरु निरन्तर प्रवाह गर्दै आइरहेको छ । अत्याधुनिक प्रविधि संगसंगै भित्रिन सक्ने जोखिम पहिचान गरी सोको यथोचित निराकरण गर्न बैंक व्यवस्थापनलाई त्यत्तिकै सतर्क, सजग र सबल बनाइएको छ । बैंकको जनशक्तिलाई थप प्रतिस्पर्धी, मितव्ययी एवं सक्षम तुल्याउन अनुसन्धान र विकासमा लगानी बढाउदै जाने नीतिलाई सञ्चालक समितिले आत्मसात् गर्दै सेवाग्राहीको उच्चतम सन्तुष्टीलाई बैंकले प्रमुख ध्येय बनाएको बताउनु भयो ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु विगत देखिनै उच्च महत्वका साथ सम्पन्न गर्दै आइरहेको छ । समीक्षा वर्षमा नेपाली सेनाको आफ्नै श्रोतबाट देशका फरक फरक स्थानहरुमा सञ्चालित विभिन्न आवासीय विद्यालयहरुमा कार्यरत महिला शिक्षक एवं कर्मचारी र अध्ययनरत छात्राहरुको प्रजनन स्वास्थ्य र सरसफाइको स्तर वृद्धि गर्न सघाउ पुऱ्याउने उद्देश्य लिई नेपाली सेनाको सैनिक कल्याणकारी कोषको केन्द्रीय कार्यालयलाई सेनिटरी प्याड निर्माण मेसिन हस्तान्तरण गर्न सकेको थियौं । यस भन्दा अघि यस्तो कार्य हाम्रो बैंकले शहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी काठमाडौंमा सि सि यू वार्ड निर्माण गरी सो केन्द्रलाई सञ्चालन गर्न हस्तान्तरण गरेको थियो । यस प्रकारका सामाजिक उत्तरदायित्वका ठोस र दीर्घकालीक महत्वका कार्यहरुबाट बैंकको समुपस्थितिलाई मुलुकका महत्वपूर्ण संस्थाहरुले प्रत्यक्ष रुपमा महसुस गर्न पाउने गरेका छन् । अर्को तर्फ यस्ता सामाजिक कार्यले बैंकको साख, व्यापार तथा जनसम्पर्क विस्तारमा सकारात्मक प्रभाव पारेको प्रत्यक्ष देखिएको छ । बैकिङ्ग उद्योगमा हाम्रो बैंकको उपस्थितिलाई थप सम्मानयोग्य एंव दीगो तुल्याउन यथोचित स्थानमा सर्वमान्य ढंगको सामाजिक उत्तरदायित्व वहन गर्ने जिम्मेवारी लिने विषयलाई प्राथमिकतामा राख्ने नीति सञ्चालक समितिले अवलम्वन गर्दै आएको विषयमा जोड दिंदै यो नीतिको निरन्तरता अटूट रहने तर्फ आदरणीय शेयरधनी महानुभवहरुको ध्यानाकृष्ट गराउनु भयो ।

संस्थागत सुशासनलाई बैंकले प्रमुख उद्देश्य मानेको छ । संस्थागत सुशासन कायम गर्न सकिएको अवस्थामा मात्र बैंकले दीगो विकास गर्न सक्दछ । बैंकका हरेक तहका कर्मचारीलाई संस्थागत सुशासन कायम हुने गरी कार्य सम्पादन गर्न सञ्चालक समितिले बारम्बार निर्देशन गर्दै आएको छ । संस्थागत सुशासित बैंकले मात्र आफ्ना शेयरधनीहरुलाई मुनासिब माफिकको प्रतिफल प्रदान गर्न सक्दछ भन्ने विषयमा विद्यमान सञ्चालक समिति दृढ रहेको विश्वास आदरणीय शेयरधनी महानुभावहरु माफ राख्नु भयो ।

वार्षिक साधारण सभाद्धारा निर्दिष्ट परिधि भित्र रही बैंकले वर्षभरीका व्यापारिक क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हुनाले आजको यस सभामा यँहाँहरुबाट विगत वर्षहरुमा झैं बैंकको हित हुने सल्लाह, सुझाव एंव निर्देशन प्राप्त गर्ने कुरामा सञ्चालक समिति विश्वस्त रहेको छ । यहाँहरुको प्रत्येक राय सुझाव तथा दिग्दर्शनले बैंकको आगामी दिनको मार्गचित्र तय हुने हुँदा समस्त शेयरधनी महानुभावहरुलाई सक्रियतापूर्वक सभामा सहभागीता जनाइदिन आग्रह गर्दै पुनः पच्चीसौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भयो ।

९. **सभाका सभापतिज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती :**

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति डा. उपेन्द्र महतोज्यूले आफ्नो मन्तव्य सहित बैंकको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको



Machhapuchchhre Bank Ltd. Head Office

प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको बैंकको २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण, सम्बन्धित अनुसूचीहरु लगायत सभामा छलफलका लागि पेश भएका विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :

छलफलमा भाग लिने क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

### १. श्री लवराज जोशी

१. "क" वर्गका इजाजतप्राप्त बैंकहरु मध्ये सबै भन्दा पहिले आर्थिक वर्ष २०७९/८० आषाढ मसान्तको वासलात नेपाल राष्ट्र बैंकमा पेश गरि पच्चीसौं वार्षिक साधारण सभा आयोजना गरेकोमा अध्यक्षज्यू लगायत सम्पूर्ण व्यवस्थापनप्रति आभार प्रकट गर्नु भएको ।
२. बैंकले उज्वल तथा नविनतम रुपमा प्रगति गर्दै यसपाली चुक्ता पूँजीको १३.३० प्रतिशत बोनस शेयर वितरण गरेकोमा खुसी लागेको ।
३. शेयरधनी महानुभावहरुलाई बढी भन्दा बढी प्रतिफल दिन र अझ नविनतम ढङ्गमा बैंकलाई सवल बनाउनका लागि काम गर्नु पर्ने ।
४. बैंकको सञ्चालक समितिमा विभिन्न क्षेत्रबाट अनुभव बटुलेर आउनु हुने सञ्चालकहरुको उपस्थिति रहेकोमा सोको प्रशंसा गर्नु भएको ।
५. बैंकको कमी कमजोरीहरुलाई घटाउँदै जानुपर्ने ।
६. बैंकप्रति समर्पित कर्मचारीहरुलाई सहि कार्यदिशामा काम गर्न व्यवस्थापनले प्रोत्साहन गर्नुपर्ने ।
७. आगामी आर्थिक बर्षमा पनि अझ बढी प्रतिफल दिन अथक प्रयास गर्नुपर्ने ।

### २. श्री कमल न्यौपाने

१. हालको समसामयिक आर्थिक परिस्थितिमा बैंकले चुक्ता पूँजीको १३.३० प्रतिशत बोनस शेयर प्रदान गरेकोमा धन्यवाद ।
२. बैंकले अझ बढी लाभांश दिने आशा गर्दै सो अनुरुप बैंकलाई अगाडि बढाउन शुभकामना व्यक्त गर्नु भएको ।
३. बैंकले कम्तीमा ४-५ प्रतिशत नगद लाभांश वितरण गरेको भए अझ उत्कृष्ट हुने बिचार व्यक्त गर्नु भएको ।
४. संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहमा गर्ने क्रममा बैंकले प्रशस्त फन्ड भएको संस्था भन्दा सामाजिक जागरण ल्याउने संस्थाहरुलाई प्रदान गर्न सो तर्फ ध्यान दिनुपर्ने ।
५. किसानहरुलाई राहत प्रदान गर्नुका साथै कृषि उपजहरुलाई बजारसम्म ल्याउनका लागि बैंकले सहजिकरण गनुपर्ने ।
६. आगामी बर्षहरु पनि वार्षिक साधारण सभा पोखरा, कास्कीमा गर्न अनुरोध गर्नु भएको ।
७. बैंकलाई उत्तरोत्तर प्रगति गर्न शुभकामना प्रदान ।



Machhapuchchhre Bank Ltd. Head Office

३. श्री श्रीराम गौतम

१. मर्जरका योजनाहरु के कस्ता रहेका छन् भन्ने जिज्ञासा व्यक्त गर्नु भएको ।
२. पोखराबाट स्थापित भएको बैंक र पोखरामै गौरवमय इतिहास बोकेको बैंक भएकोले आगामी वर्ष वार्षिक साधारण सभा पोखरा, कास्कीमा गर्न आग्रह गर्नु भएको ।
३. फोनबाट सोधपुछ गरेको करिब दुइ घन्टा भित्रै वार्षिक प्रतिवेदन बैंकले उपलब्ध गराएकोमा धन्यवाद ज्ञापन ।
४. ग्राहककहरुको गुनासो सुनुवाईलाई बैंकले प्राथमिकता दिएको महसुश भएको विचार व्यक्त ।
५. आगामी आर्थिक बर्षमा धेरै लाभांश पाउने अपेक्षा रहेको र यस वर्षमा सबै भन्दा पहिले वार्षिक साधारण सभा गरेकोमा खुसी व्यक्त ।
६. बैंकको आन्तरिक तथा नयाँ रणनितिहरु के कस्ता रहेका छन् भन्ने जिज्ञासा व्यक्त गर्नु भएको ।
७. कर्मचारी तालिममा ठुलो रकम खर्च भएको हूँदा बैंकले आफ्ना कर्मचारीहरुलाई कस्तो किसिमका तालिहरु प्रदान गर्दै आएको छ, प्रष्ट पार्न आग्रह ।
८. पोखरा, कास्कीमा समेत संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत कार्यक्रमहरु आयोजना गर्नुपर्ने ।

४. श्री विदुर भुषण श्रेत्री

१. देशको यस्तो अर्थतन्त्र रहेको बेलामा पनि शेयरधनीहरुलाई लाभांश दिएकोमा हार्दिक धन्यवाद व्यक्त ।
२. बैंकलाई उत्तरोत्तर प्रगति गर्न शुभकामना प्रदान ।
३. यस प्रतिस्पर्धी समयमा बैंकलाई सक्षम, सवल र सफल बनाउनका लागि दक्ष्य र योग्य कर्मचारीहरु राख्नुपर्ने ।
४. IT Sector लाई अझ मजबूत बनाउन बैंकले ध्यान दिनुपर्ने साथै व्यवसाय वृद्धि संगै निक्षेप बढाउन तर्फ ध्यान दिनुपर्ने ।
५. बैंकको प्रगतिको लागि शुभेच्छा व्यक्त ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूको अनुमतीले प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कोइरालाज्यूले दिनु भएको प्रत्युत्तर :**

शेयरधनी महानुभावहरुले अत्यन्तै रचनात्मक एंव महत्वपूर्ण सुभाव तथा सल्लाह दिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरुद्धारा व्यक्त जिज्ञासाहरुको सम्बन्ध निम्न बमोजिम स्पष्ट पार्नुभयो ।

१. देशको हालको जटिल अर्थतन्त्र रहेको समयमा पनि माछापुच्छ्रे बैंकले उच्चतम संस्थागत सुशासन कायम गर्दै Complaince मा Zero Tolerance राखेर अघि बढिरहेको छ । साथै, यस बैंकले पेश गरेको Balance Sheet समयमै नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई आज पच्चीसौं वार्षिक साधारण सभा गर्न सफल भएको हुँदा यो पनि माछापुच्छ्रे बैंकको संस्थागत सुशासन, Complaince को एक उदाहरणको रुपमा रहेको छ ।
२. आगामी दिनहरुमा यस बैंकका कर्मचारीहरुलाई राम्रो वातावरण प्रदान गर्दै उत्कृष्ट बैंक बन्ने तर्फ उन्मुख रहेका छौं ।



Machhapuchchhre Bank Ltd. Head Office

३. सञ्चालक समितिले आवश्यकता अनुसार वार्षिक साधारण सभाको मिति, समय र स्थानको निर्णय गर्नेछ ।

४. दशैंको बेलामा सर्वसाधारण शेयरधनी महानुभावहरुलाई बोनस शेयर दिने र चाडै Listing गराउने कुरालाई मध्यनजर राख्दै अध्यक्षज्यूको मार्गदर्शनमा चाडो भन्दा चाडो वार्षिक साधारण सभा गरिएको र दशै अगावै सम्पूर्ण काम सक्न प्रयत्न गर्ने प्रतिबद्धता प्रकट गर्नु भएको ।

५. नेपाल आर्मीबाट सेवामा रहदा शाहदत प्राप्त गरेका व्यक्तिहरुका एकल महिलाहरुको रोजगारीको लागि Sanitary Pad उत्पादन गर्ने मेसिन खरिदको लागि संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगतको कार्यक्रमको लागि दिएको हो ।

६. कृषि उपजहरुलाई ध्यानमा राखि मुस्ताङमा कार्यक्रम गरेको साथै आगामी दिनहरुमा फेरि फेरि पनि त्यस्ता कार्यक्रमहरु गर्नेछौं ।

७. Merger को लागि विगतमा बैंकले कोशिश गरेकै हो र Merger गर्नुपर्ने कुरामा बैंक सकारात्मक रहेको ।

८. बैंकले आफ्ना कर्मचारीहरुलाई In House Training, International Training र बाहिरबाट Expert बोलाएर तालिम दिंदै आएको हुनाले कर्मचारी तालिममा रकम खर्च भएको हो ।

९. पोखरा, कास्कीमा बैंकले हरेक बर्ष MBL Tennis Tournament गर्दै आइरहेको छ र आगामी दिनहरुमा पोखरामा अझ संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत कार्यक्रमहरु संचालन गर्ने अवगत गराउनु भएको ।

१०. आगामी बर्ष बैंकले शेयरधनीलाई नगद लाभांश लगायत उचित प्रतिफल दिने प्रतिबद्धता जनाउँदै सबैलाई हार्दिक नमन गरी धन्यबाद ज्ञापन गर्नुभयो ।

## ११. सभाको निर्णय :

**क. सामान्य प्रस्ताब :**

१. प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. प्रस्ताव नं. ३ बमोजिम यस बैंकको सहायक कम्पनीहरु "माछापुच्छ्रे क्यापिटल लिमिटेड" र "माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड" को आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।



Machhapuchchhre Bank Ltd. Head Office

४. प्रस्ताव नं. ४ बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि बैंकको लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ (१) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (१) र ६३ (३) मा भएको व्यवस्था बमोजिम लेखापरीक्षण समितिले सिफारिस गरेको तीन वटा लेखापरीक्षण फर्महरु G.P. Rajbahak & Company, N.B.S.M. & Associates र Sujan Kafle & Associates मध्येबाट कुनै एक फर्मलाई आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षण, कर लेखापरीक्षण, Long Form Audit Report (LFAR) तयारी, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण लगायत बाह्य लेखापरीक्षकले गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि सम्बन्धित फर्महरुले प्रस्ताव गरेवमोजिमको लेखापरीक्षण शुल्क प्रदान गर्ने गरी बैंकको बाह्य लेखापरीक्षक नियुक्ती गर्न सभापतीज्यूको अनुमतिले लेखापरीक्षण समितिको तर्फबाट लेखापरीक्षण समितिका संयोजक श्री मुकुन्द महतज्यूले पेश गर्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई उल्लेखित ३ वटा फर्महरुले प्रस्ताव गरेको पारिश्रमिक तथा बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, फर्ममा कार्यरत कर्मचारीहरुको संख्या, योग्यता र अनुभव आदी समेतको आधारमा G.P. Rajbahak & Company उत्कृष्ट देखिएको हुँदा सोही फर्म अर्थात G.P. Rajbahak & Company लाई प्रस्ताव बमोजिम रु २,000,000 (कर तथा अन्य खर्च बाहेक) पारिश्रमिक दिने गरी आर्थिक वर्ष २०८०/८१ को लागि बैंकको बाह्य लेखापरीक्षक नियुक्ती गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

५. प्रस्ताव नं. ५ बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. ७,१८,००,०८९ (चुक्ता पूँजीको ०.७० प्रतिशत) नगद लाभांश (वोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्न स्वीकृत गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

**ख. विशेष प्रस्ताव :**

१. विशेष प्रस्ताव नं १ बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. १,३६,४२,०१,६९२ (चुक्ता पूँजीको १३.३० प्रतिशत) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हदसम्म बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्न प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) संशोधन गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

२. विशेष प्रस्ताव नं २ बमोजिम माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजिशन) गर्न) तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कनको लागि मूल्याङ्कनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक रणनीतिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. विशेष प्रस्ताव नं ३ बमोजिम निम्न विषयहरुका सम्बन्धमा बैंकको प्रवन्धपत्र संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।



Machhapuchchhre Bank Ltd. Head Office

**प्रबन्धपत्र**

**दफा ५(ख)** : बैंकले तत्काल जारी गर्ने सेयर पूँजी न्युनतम रू. ११,६२१,३५७,२७३ (अक्षेरुपी एघार अर्ब बयसठ्ठी करोड तेह्र लाख सन्ताउन्न हजार दुई सय त्रिहत्तर मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ११६,२१३,५७३ (एघार करोड बयसठ्ठी लाख तेह्र हजार पाँच सय त्रिहत्तर थान) साधारण सेयरमा विभाजित गरिएको छ ।

**दफा ५(ग)** : बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रू. ११,६२१,३५७,२७३ (अक्षेरुपी एघार अर्ब बयसठ्ठी करोड तेह्र लाख सन्ताउन्न हजार दुई सय त्रिहत्तर मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ११६,२१३,५७३ (एघार करोड बयसठ्ठी लाख तेह्र हजार पाँच सय त्रिहत्तर थान) साधारण सेयरमा विभाजित गरिएको छ ।

**ग. बिविध ।**

विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

**१२. सभापतिज्यूबाट प्रस्तावहरु पारित भएको घोषणा र सभाको विसर्जन :**

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत्त रुपमा पारित भएको घोषणा गर्नु भयो । साथै, बैंकले पारदर्शीता र सुशासनलाई उच्च प्राथमिकतामा राखि नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशनको परिपालना गर्ने साथै मर्जर र एक्विजिसनका संभावनामा पनि अघि बढ्दै यस बैंकलाई अब्बल बैंकको रुपमा अघि बढाउने विश्वास दिलाउनु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले हाल विश्वमा आइहेको सकारात्मक प्रभाव अनुसार नै बैंक अगाडी बढ्ने प्रतिबद्धताका साथ सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, सुझावसहितको मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरी दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको उच्च प्रशंसा गर्दै आजको यो पच्चीसौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

Machhapuchchhre Bank Ltd. Head Office

.......................
सुभाष जमरकटेल
कम्पनी सचिव

.......................
डा. उपेन्द्र महतो
सभाका सभापति/अध्यक्ष